# पहिलो पटक रेडियो सुन्दा

**रमेश विकल**

धेरै अगाडिदेखि नै अमेरिका यूरोपमा रेडियोको आवाज घन्कन लागिसकेको थियो । अरू मुलुकका मानिसहरू मानवोपयोगी विज्ञानका उपलब्धिहरू निर्बाध उपभोग गर्थे तर हाम्रो मुलुक राणाहरूको जहानिया शासनको चेपमा यस्ता सुविधाहरूबाट बिल्कुलै टाढा राखिएको थियो । कतिसम्म भने यातायात र सञ्चारको दृष्टिले त हामी पूरै गुफायुगमा थियौं भने हुन्छ । आफ्नै देशको एक भागबाट अर्को भाग तराइ क्षेत्रमा जान राहदानी (पासपोर्ट) चाहिन्थ्यो । सञ्चारको नाममा राज्य नियन्त्रित केवल एउटा *गोरखापत्र* थियो, जसले श्री ३ महाराजहरूका विरुदावली गाउँथ्यो । "अघि १८६२ सालमा जनरल भिमसेन थापाले काठमाडौंबाट पाटन जाने बाटो बागमतीको पुल बनाएका थिए । सो पुल पुरानो भई ठाउँ ठाउँ भत्की बिग्रँदा बग्गी आउन जान मुश्किल हुन लाग्यो । श्री ३ महाराजबाट सो पुल जिर्णोद्धार गर्दा काठको जात नलाई ईंटका खाँवामाथि फलामे निदाल दलिन बसाली उसमाथि बज्रका साथ ठचाउको ठोकी दाहिने पाउ पनि फलामैको बारा

हाली काशी राजघाट सुनपुरको कालीगण्डकीको पुल बिर्साइ फलामे पुल बनाइबक्सियो ।” अथवा ‘बाढीले गर्दा जे.जे.आर. बन्द’, ‘पोखरामा बाघ जात्रा’, ‘भेलले हुत्यायो बिकुले दमाइलाई’ जस्ता सामान्य खबरहरू छाप्थ्यो यसले । मुलुक बाहिरका खबरहरूमा ‘हिन्दुस्थानका कइएक प्रान्तमा केही काम बिराउँदा बालकहरूलाई रुपियाँको दण्ड अर्थात् जरिवाना गर्ने चलन चलेको छ’ जस्ता खबर छापिन्थे । तर, त्यो *गोरखापत्र* पनि केही भारदारहरूका हातमा र सरकारी उच्च अधिकारीहरूसम्म मात्र पुग्थ्यो । अरू सर्वसाधारणमा खबर भनेको पल्टनिया सिपाइहरूले छुट्टीमा घर-गाउँ जाँदा बोकेर लगेका खबरहरू हुन्थे । त्यसैले त राजधानीजस्तो तीन सहर उपत्यकाका सर्वसाधारण जनतामा चार भञ्ज्याङबाहिर घोरमुखाको देश, लमकन्नको मुलुक छ भन्ने धारणा बन्न पुगेको थियो ।

राणा शासनको यस्तै अन्धकारमय स्थितिमा एक दिन हामीले एक्कासी सुन्यौँ– “यकिन मास्टरकहाँ रेडियो ल्याएको छ रे ! रेडियो ? यो कुन चराको नाउँ हो ? चरो होइन देश विदेशका खबरहरू, कुराहरू र गीत भजन बोकेर कोठैमा ल्याउने बाकस ! ... बिनातारको हावाबाट आउने खबर सुनाउने, गीत भजन सुनाउने एउटा यन्त्र ।” यसरी मेरो कानमा पहिलोपल्ट ‘रेडियो’ भन्ने नाउँ पर्न आएको थियो । म सामान्यजनभन्दा केही बढी जान्ने ठहरिन्थेँ । दशकौँ पहिले आविष्कार भएर हिन्दुस्थानसम्म पनि आएको ‘रेडियो’ आज (अर्थात् वि.सं. २००२-३ तिर) हाम्रो मुलुकका सर्वसाधारण घरको कोठामा आइपुग्न सकेको थियो, विद्यार्थी पढाएर जीवन निर्वाह गर्ने एकजना मास्टरको कोठामा । यसअघि पनि एकाध सम्भ्रान्त बैठकहरू र राणा शासकका बैठकहरूमा त्यो पुगेको हुँदो हो, जुन मलाई हेक्का भएन । मेरो पहुँच पनि थिएन त्यस्ता बैठकहरूमा ।

रेडियो आएको यो खबर हाम्रा टोलवासीका लागि कम कौतूहलपूर्ण, कम गौरवपूर्ण थिएन । त्यसैले हामी चाबहिल टोलका केटाहरू मान्छेको आवाजलाई देश विदेशबाट हावामा उडाउँदै कोठाकोठामा पुऱ्याइदिने त्यो काठको बाकसजस्तो आकारको ‘अद्भुत जनावर’लाई हेर्न र सुन्न भनेर गणेशस्थानपछाडि काइँला कुइँकेल बाजेको घरमा यकिन मास्टरको कोठामा पुग्यौँ । त्यसपछि त प्रत्येक साँझ भनेजस्तो बजारका र आसपासका तरुना तन्नेरीहरू, किशोरहरू र केही प्रौढहरू पनि यकिन मास्टरको कोठामा भेला भएर रेडियो नाउँको त्यस अद्भुत भाँडोका वरिपरि झ्याम्मिएर त्यसको आवाज सुन्न थाल्यौँ– अत्यन्त जिज्ञासु बनेर ।

तर, त्यतिखेर राणाहरूको कडा शासन भएकोले हामी जनचेतना जगाउने राजनीतिक र सामाजिक चेतनाको उद्बोधन गराउने खालका कुनै पनि त्यस्ता

खबर सुन्न पाउन्नथ्यौँ, जसले मुलुकमा आफ्नो वास्तविक स्थिति जान्न सकियोस्, आधुनिक ज्ञान चेतनाले मुलुकको वास्तविक स्वरूप, शासकहरूको यथार्थ अनुहार चिन्न सकियोस् । त्यसैले यकिन मास्टरको कोठामा घन्किने त्यस रेडियोको पहुँच केवल हिन्दुस्थान, त्यो पनि विहारको पटना र यूपीको इलाहावाद स्टेसनसम्म थियो । तिनै दुई च्यानलका प्रसारणहरूलाई मात्र यकिन मास्टरको त्यस फिलिप्स कम्पनीको रेडियोले उनको कोठासम्म ल्याइदिन्थ्यो ।

त्यतिखेर हिन्दुस्थानमा पनि महात्मा गान्धीको 'अङ्ग्रेज हो !, भारत छोड' आन्दोलन चलिरहेको थियो र अङ्ग्रेजी शासन सत्ताले भारतीय जनताको त्यस आन्दोलनलाई दबाउने पूर्ण प्रयत्न गरिरहेको थियो । त्यसैले भरखर भरखरै खुलेका त्यहाँका रेडियो स्टेसनहरूले त्यस्तो कुनै खबर (राजनीतिक वा अन्य) प्रसारण गर्न पाउँदैनथे, जसले अङ्ग्रेज सत्ताको विरुद्ध किञ्चित पनि जनचेतना विस्तार गर्न सकोस् र अङ्ग्रेजी कुशासनको यथार्थलाई उजागर गर्न सकोस् ।

अनि हाम्रो मुलुकमा पनि राणाहरूको निरङ्कुश जहानिया शासनविरुद्ध भरखर भरखरै विद्यार्थीहरूका माध्यमबाट जनआवाजले सडकका गल्ली कुनाहरू घन्कन थालेको थियो । रेडियोका स्वरहरूले जनताको राजनीतिक चेतनालाई कोटचाएर जगाओस् र आफ्नोविरुद्ध जनताले कुनै कदम नउठाओस् भन्ने कुरामा सत्ता सदैव चनाखो रहन्थ्यो । त्यसैले रेडियोमा पटना र इलाहावाद दुई ठाउँका स्टेसनका प्रसारणहरू, त्यो पनि राजनीतिक र जनताका स्वरहरू होइन, मीरा बाईका भजनका स्वरहरू (भक्ति सङ्गीतहरू) र राजनीतिको नौटङ्कीदेखि धेरै टाढा रहेका निमुखा किसानका नाउँमा यो अति साधारण कृषि कार्यक्रममात्र सुन्न पाउने गरी रेडियो बजाउने अनुमति मिलेको थियो मास्टरलाई । त्यसैले हामी टोलवासी तरुना किशोरहरू त्यस रेडियोबाट केवल *कृषि कार्यक्रम* (पटनाबाट) र देहाती भजन कार्यक्रम (इलाहावादबाट) मात्र सुन्न पाउँथ्यौँ ।

यिनै सीमित कार्यक्रम र यदाकदा अङ्ग्रेजी शासन सत्ता समर्थक र भारतीय जनताको स्वतन्त्रता आन्दोलनविरोधी खबर सुन्न पाउनु पनि हाम्रा लागि पर्याप्त मान्नुपर्ने अवस्था थियो । किनभने त्यसैले पनि हामीलाई एउटा नयाँ चेतना, नयाँ कामनाको उद्‌बोधन गर्न सघाउँथ्यो, जसले हामीलाई तत्कालीन एकतन्त्री सत्ताका विरुद्ध भावी जनसङ्घर्षको आवश्यकताको केही आभास गराउन सकोस् । त्यसैले हामी प्रायः प्रत्येक साँझ भनेजस्तो यकिन मास्टरको कोठामा फिलिप्स रेडियोको वरिपरि झुम्मिएर भारतको *कृषि कार्यक्रम* अथवा देहाती भजन कार्यक्रम सुन्दै मस्त भएर झुलिरहेका हुन्थ्यौँ ।

नेपालको रेडियो सेवाको इतिहासमा हामी सबैभन्दा पहिले सुनेको आवाज २००७ सालको आन्दोलनको टेवाका लागि सुरु भएको प्रजातन्त्र रेडियो हो। नेपाली काङ्ग्रेसका नेतृत्वमा २००७ सालको सशस्त्र आन्दोलनको थालनी भयो। त्यसका साथै त्यसको प्रचारप्रसार र त्यसको पक्षमा व्यापक जनमत निर्माण गर्ने उद्देश्यले कुनै गोप्य ठाउँबाट (सायद विराटनगरबाट) प्रजातन्त्र रेडियोको नाउँमा भूमिगत रेडियोका स्वरहरू घन्कन थाले। विविध गीत सङ्गीत कार्यक्रमका साथै सशस्त्र क्रान्तिको जल्दा बल्दा खबर, त्यसको क्रमिक सफलताबारे व्यापक प्रचारप्रसार सुरु भयो यसमार्फत। यसका सञ्चालक सायद तारिणीप्रसाद कोइराला थिए। रानुदेवीको स्वरमा गीत गुञ्जन्थ्यो।

हामी त्यतिखेर प्रायःजसो डिल्लीबजारको ओरालोस्थित एकजना वामदेव नाउँका साथीको डेरामा भेला हुन्थ्यौँ। वामदेव श्यामप्रसादका गाउँले साथी थिए, सायद नातेदार नै थिए। त्यसैले म श्यामप्रसादकै साथमा त्यहाँ जान्थे। अरू केही साथीहरू पनि भेला हुन्थे त्यहाँ। हाम्रा बीचमा त्यतिखेरका राजनीतिक गतिविधिका कुराहरू हुन्थे। कुनै साथीहरू नयाँ नौला घटना, गतिविधिहरूको सूचना राख्थे र त्यहाँ आएर सुनाउँथे। हुन त वामदेवजी राणा सरकारका जागिरे थिए।

सशस्त्र आन्दोलन चलिरहेको थियो। कोही आएर भन्थ्यो– “हिजो मुक्तिसेनाले बीरगञ्ज कब्जा गर्‍यो। राणाको फौजले हतियार बुझाएर आत्म समर्पण गर्‍यो।” त्यस्तै अर्को आएर “तेह्रथुम अथवा पूर्वी नेपालको कुनै जिल्ला मुक्तिसेनाले कब्जा गरेको, अथवा माल अड्डा, भन्सार लुटेको” खबर खुब उत्तेजित हुँदै सुनाउँथ्यो। एक दिन त्यहीँका एकजना वैद्य भन्ने (नाउँ चाहिँ बिर्सें) साथी आएर बडो जोस्सिएर सुनाए– “सुन्नु भो ! ठाउँठाउँमा मुक्तिसेनाले कब्जा गरेको खबर नेपाल रेडियोबाट सुनेर बबर शमशेरले चारओटा रेडियो फोर्‍यो रे ! …यी राणाहरू … यिनीहरूलाई त एउटा फल्याकमा उल्टो किलाहरू ठोकेर उत्तानो सुताएर छातीमा बेस्सरी घनले ठोक्नु पर्छ।”

वैद्यजीको उत्तेजित अभिव्यक्तिले हामीलाई मनोरञ्जनको साथै जोश दिलाउँथ्यो। हामी मुक्तिसेनाको निरन्तरको सफलताको खबरले औधी रमाउँथ्यौँ। यसरी २००७ सालको आन्दोलनको सफलतामा ठूलो योगदान पुर्‍याएर आएको प्रजातन्त्र रेडियोले २००७ सालको परिवर्तनपछि नेपाल रेडियोको रूप लिएर देशको राजनीतिका साथै नेपाली संस्कृतिको, साहित्य, गीत, सङ्गीतको संरक्षण संवर्द्धनमा पनि योगदान दिँदै आयो।

त्यसताक म गीत सङ्गीतको धेरै सोखिन थिएँ। मेरो स्वर मीठो र तीखो थियो। स्वर र लयको मलाई निकै ज्ञान थियो। त्यसैले मलाई गायक बन्ने ठूलो

धोको थियो । यही सोखले मलाई जहाँजहाँ गीत सङ्गीतको जमघट हुन्थ्यो, त्यहाँत्यहाँ पुऱ्याउँथ्यो । मेरो स्वर र लयकारिताको सरहानी मेरा साथी भाइ र दाजु काकाहरूले पनि गर्थे ।

यही कारणले गर्दा ममा रेडियो गायक बन्ने ठूलो धुन जगायो । म स्वर परीक्षणका लागि रेडियो नेपाल पुगें । तर त्यहाँ त्यतिखेरका सङ्गीत कार्यक्रमका ठेकेदारहरूले मेरो प्रवेशलाई किन हो कुन्नि, रुचाएनन् । मलाई प्रोत्साहन गर्नुको सट्टा हतोत्साही गराएर परीक्षामा अनुत्तीर्ण गराए । मेरो रेडियो गायक बन्ने सपना त्यसपछि हावामा उड्यो ।